# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## देवचुली नगरपालिका

### नवलपरासी (बर्दघाट सुस्ता पूर्व)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## देवचुली नगरपालिका
### नवलपरासी (बर्दघाट सुस्ता पूर्व)




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

# २०७९

## देवचुली नगरपालिका

### नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी

पत्र संख्याः २०७८।७९
च.नं. ८९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख/अध्यक्ष ज्यू,
देवचुली नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.) ।

**कैफियत सहितको राय**

हामीले देवचुली नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ३ करोड ७० लाख ५ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. ४ लाख ५५ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १८ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ५ लाख ६ हजार, नियमित गर्नुपर्ने रु. १ करोड १३ लाख २१ हजार र पेश्की रू. २८ लाख ३७ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु. ८ करोड ४१ लाख ८६ हजार बेरुजू बाँकी रहेकोमा यस वर्ष सम्परीक्षण वाट रु. १३ लाख ३२ हजार पछ्यौट भई हालसम्मको अद्यावधिक बेरुजू रु. ११ करोड ९४ लाख ४ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

देवचुली नगरपालिका, नवलपरासी (ब.सु.पू.)

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४३ | ६८ | ३७००५ | ० | १ | ४५५ | ४३ | ६७ | ३६५५० | १८८६ | ११३२१ | २०५०६ | ० | ० | ३१८२७ | २८३७ |

### १.२. प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १. | १७ | प्रमाण कागजात पेश गरी फछ्यौंट भएको | ४५४५०५ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| देवचुली नगरपालिका नवलपरासी (ब.सु.पू.) | ८४१८६ | ० | १३३२ | ८२८५४ | ० | ३६५५० | ११९४०४ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : देवचुली नगरपालिका, नवलपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन प्रसाद मरासिनी | २०७९-४-१६ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | गोविन्द सिग्देल | २०७७-४-१ | २०७९-३-३२ |
| लेखा प्रमुख | विनोद अर्याल | २०७८-४-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अनिता काफ्ले | २०७७-१०-१६ | २०७८-४-१८ |
| | | **बेरुजु रकम** | ३६,५५०,३११.५२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १५,५७,११,२८४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१,७१,८०,००० | **चालु खर्च** | ४३,३१,१९,००३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,७७,२३,००० | **पूँजीगत खर्च** | १७,८३,०८,१२६ |
| **राजश्व बाँडफाँट** | १५,३५,३१,७४४ | **वित्तीय/अन्य व्यवस्था** | २३,८८,२१,६१४ |
| **आन्तरिक आय** | ३,६९,७५,९९० | | |
| **अन्य आय** | १८,३१,३९,२४० | | |
| **कुल आय** | ९१,८५,४९,९७४ | **कुल खर्च** | ८५,०२,४८,७४३ |
| **बाँकी मौज्दात** | | २२,४०,१२,५१५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निक्र्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७९।९।२० मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १७ वडा, ९०सभा सदस्य, ११२.७२ वर्ग किलोमिटर क्षेत्रफल तथा ४७३६८ जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | | |
|---|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७३,१५,८८,८४०.२१ | ६८,८८,२२,०१३.९८ | ६८,८८,२२,०१३.९८ | ८०,८२,६०,२४५.१९ | ८०,८२,६०,२४५.१९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७०,३५,४०,०००.०० | ६८,१९,६५,२०९.९६ | ६८,१९,६५,२०९.९६ | ७३,३१,०२,३७९.१३ | ७३,३१,०२,३७९.१३ |
| ११००० कर | ११ | १३,८८,१८,०००.०० | १६,८९,४९,४८१.७८ | १६,८९,४९,४८१.७८ | १४,८६,६१,२८३.७९ | १४,८६,६१,२८३.७९ |
| १३००० अनुदान | | ५५,१३,२२,०००.०० | ४९,१४,५७,४७५.९६ | ४९,१४,५७,४७५.९६ | ५६,५२,८५,०८१.०० | ५६,५२,८५,०८१.०० |
| संघीय सरकार | १२ | ५२,१५,७०,०००.०० | ४६,३७,३६,७०३.९६ | ४६,३७,३६,७०३.९६ | ५४,३५,८०,०८१.०० | ५४,३५,८०,०८१.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रदेश सरकार | १२ | २,९७,५२,०००.०० | २,७७,२०,७७२.०० | २,७७,२०,७७२.०० | २,१७,०५,०००.०० | २,१७,०५,०००.०० |
| १४००० अन्य राजस्व | | १,३४,००,०००.०० | २,१५,५८,२५२.२२ | २,१५,५८,२५२.२२ | १,९१,५६,०१४.३४ | १,९१,५६,०१४.३४ |
| ख. अन्य प्राप्ति | | २,८०,४८,८४०.२१ | ६८,५६,८०४.०२ | ६८,५६,८०४.०२ | ७,५१,५७,८६६.०६ | ७,५१,५७,८६६.०६ |
| कोषहरु | | २,३३,७३,८४०.२१ | ३०,९२,३६६.०० | ३०,९२,३६६.०० | ६,०५,२७,८४८.११ | ६,०५,२७,८४८.११ |
| धरौटी | | ० | ३७,६४,४३८.०२ | ३७,६४,४३८.०२ | १,४६,३०,०१७.९५ | १,४६,३०,०१७.९५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ४६,७५,०००.०० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ८१,११,२१,८४०.२१ | ६२,०५,२०,७८३.०३ | ६२,०५,२०,७८३.०३ | ६९,३९,२६,३५८.७३ | ६९,३९,२६,३५८.७३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ७८,३०,७३,०००.०० | ६१,१४,२७,१२९.१९ | ६१,१४,२७,१२९.१९ | ६५,२५,४४,७३७.१७ | ६५,२५,४४,७३७.१७ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १०,५४,२६,०००.०० | ९,५६,२९,७१२.१८ | ९,५६,२९,७१२.१८ | ४,५८,३९,४७६.८४ | ४,५८,३९,४७६.८४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७,६२,५४,०००.०० | १४,२०,७६,६१७.३२ | १४,२०,७६,६१७.३२ | ७,६१,३६,२७९.६४ | ७,६१,३६,२७९.६४ |
| २५००० सहायता (Subsidy) | १८ | १,५०,०००.०० | ९८,५००.०० | ९८,५००.०० | ९,६३,०६४.०० | ९,६३,०६४.०० |
| २६००० अनुदान | १८ | २३,३०,३८,०००.०० | १८,६३,३३,५१८.४२ | १८,६३,३३,५१८.४२ | ३६,२२,९०,२७३.२८ | ३६,२२,९०,२७३.२८ |
| २७००० सामाजिक सुरक्षा | १८ | ८९,८०,०००.०० | ८०,३८,५०५.०० | ८०,३८,५०५.०० | २,११,११,७९६.०० | २,११,११,७९६.०० |
| २८००० अन्य खर्च | १८ | ११,८०,०००.०० | ९,४२,१४९.९२ | ९,४२,१४९.९२ | ४,३४,००२.०० | ४,३४,००२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५,८०,४५,०००.०० | १७,८३,०८,१२६.३५ | १७,८३,०८,१२६.३५ | १४,५७,६९,८४५.४१ | १४,५७,६९,८४५.४१ |
| घ. अन्य भूक्तानी | | २,८०,४८,८४०.२१ | ९०,९३,६५३.८४ | ९०,९३,६५३.८४ | ६९,३९,२६,३५८.७३ | ६९,३९,२६,३५८.७३ |
| कोषहरु | | २,३३,७३,८४०.२१ | ७२,५०,६२३.३५ | ७२,५०,६२३.३५ | ३,६६,४६,९४५.३० | ३,६६,४६,९४५.३० |
| धरौटी | | ० | १८,४३,०३०.५५ | १८,४३,०३०.५५ | ४७,३४,६७६.२६ | ४७,३४,६७६.२६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ४६,७५,०००.०० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -०.०६ | -०.०६ | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (७,९५,३३,०००.००) | ६,८३,०१,२३०.९५ | ६,८३,०१,२३०.९५ | ११,४३,३३,८८६.४६ | ११,४३,३३,८८६.४६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १६,८६,७७,४४०.३८ | १६,८६,७७,४४०.३८ | १०,०६,५७,३८१.५९ | १०,०६,५७,३८१.५९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | (७,९५,३३,०००.००) | २३,६९,७८,६७१.३३ | २३,६९,७८,६७१.३३ | २१,४९,९१,२६८.०५ | २१,४९,९१,२६८.०५ |
| बैंक तथा नगद बाकी | २४ | | २२,४०,१२,५१४.६९ | २२,४०,१२,५१४.६९ | १३,२९,४८,६९७.५८ | १३,२९,४८,६९७.५८ |

४

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह् समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ९२ जनाको दरबन्दी रहेकोमा ७२ जनाको पदपूर्ति भइ २० दरबन्दी रिक्त रहेको पाईयो । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट तथा कार्यक्रमः** | |
| ५.१ | | | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुख श्री पार्वता तिवारीले मिति २०७८।३।१० गते रु. ६२ करोड २७ लाख ७८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।१०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५.२ | | | **अबण्डा बजेट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अवण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो बजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ । यस स्थानीय तहले यो वर्ष विपद व्यवस्थापनकोष र साना पूर्वाधार मर्मत संभार कार्यक्रम शिर्षकमा क्रमशः रु. १५००००००।- र रु. १५०००००।- गरी जम्मा रु. १६५००००००।- बजेट राखेकोमा कार्यक्रम तोकेको छैन । बजेट अवण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ५.३ | | | **गत बर्षको दायित्व-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७८।७९ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. १६२४७९४६।- भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नगर्ने व्यबस्था मिलाउनु पर्दछ । | |

<table>
<tr><td>५.४</td><td></td><td></td><td>बजेट सीमा निर्धारण समिति- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । तर पालिकाले वैशाख १० गते मात्र उपलब्ध गराएको र समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>चौमासिक पूँजीगत खर्च- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले तेस्रो चौमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td rowspan="2">बजेट उपशिर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="4">चौमासिक खर्च (रु. हजारमा)</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेश्रो चौमासिक</td><td>आषाढ महिना</td></tr>
<tr><td>पूँजिगत खर्चतर्फ</td><td>178308</td><td>3784</td><td>17946</td><td>156577</td><td>93848</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>2.12</td><td>10.06</td><td>87.81</td><td>52.63</td></tr>
</table></td><td></td></tr>
<tr><td>५.६</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थिति- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><td>क्र.स</td><td>क्षेत्र</td><td>बजेट (रु. हजारमा)</td><td>खर्च (रु. हजारमा)</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>31928</td><td>27805</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>211460</td><td>136513</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>400074</td><td>336640</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>30214</td><td>19133</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 109397 | 91633 |
| जम्मा | | 783073 | 611724 |

५.७

**योजना र कार्यान्वयन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ। साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा बजेट विनियोजन गर्दा दिर्घकालीन उपलब्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | रकम (रु. हजारमा) |
|---|---|---|---|
| १ | रु.१ लाखभन्दा कमको योजना | 53 | 2947 |
| २ | रु. १ लाख एकदेखि ५ लाख सम्मका योजना | 273 | 55192 |
| ३ | रु. ५ लाखदेखि १० लाख सम्मका योजना | 48 | 28907 |
| ४ | रु.10 लाख एकदेखि ५० लाख सम्मका योजना | 20 | 43195 |
| ५ | रु. ५० लाख भन्दा माथिका | 0 | 0 |
| जम्मा | | 394 | 130241 |

५.८

**कार्यक्रम तथा प्रगति-** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्यत्र अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ ।यस सम्बन्धमा पालिकाले योजनाहरुमा बजेट न्यून विनियोजन, जग्गा विवाद तथा लागत सहभागिता नभएकोले योजना कार्यान्वयन नभएको भन्ने जवाफ दिएको छ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | क्लब घरबाट वडा नं १ सम्म बाटो निर्माण देवचुली - २ | 200 | ० | ०.०० |
| २ | नगरस्तरिय आदिवासी भवन निर्माण | 200 | ० | ०.०० |
| ३ | एम्बुलेन्स खरीदमा नगरपालिकाबाट समपुरक | 300 | ० | ०.०० |
| ४ | वडा नं १२ को लागि एम्बुलेन्स खरिद अनुदान सहयोग | 400 | ० | ०.०० |
| ५ | देवचुली मार्ग कालोपत्रे निर्माण देवचुली - ८ | 1000 | ० | ०.०० |

| | | | | |
|---|---|---|---|---|
| ६ | सहकारी मार्ग पश्चिम पूर्वाधार निर्माण देवचुली - ३ | 500 | ० | ०.०० |
| ७ | क्लब घरबाट पुनर्वास हुँदै १ र १७ जोड्ने सडक स्तरोन्नती देवचुली - २ | 300 | ० | ०.०० |
| ८ | फोहोर मैला व्यवस्थापन गर्न बाटो स्तरोन्नती देवचुली - ११ | 200 | ० | ०.०० |
| ९ | झटार चोक बाटो स्तरउन्नती देवचुली - १७ | 1000 | ० | ०.०० |
| १० | पनही खोला बाटो ग्रावेल देवचुली - १६ | 200 | ० | ०.०० |
| ११ | तराइ मधेश अधुरो छोडेको कालोपत्रे निर्माण देवचुली - १ | 700 | ० | ०.०० |
| १२ | बाटिका देखि वेलको रुखसम्म बाटो निर्माण देवचुली - १६ | 500 | ० | ०.०० |
| १३ | फोहोरमैला व्यवस्थापन | 1000 | ० | ०.०० |
| १४ | शिवालय मन्दिर निर्माण देवचुली - १० | 200 | ० | ०.०० |
| १५ | कुजौलि टोलमा १६ र १७ को सिमाना बैठक घर सम्म बाटो कालोपत्रे | 500 | ० | ०.०० |
| १६ | पृथ्वी माध्यमिक विधालय गेट पुनर्निमाण वडा न १० | 200 | ० | ०.०० |
| १७ | वडा न १३ गणेशमान मार्गको सडक कालोपत्रे थप | 200 | ० | ०.०० |
| १८ | देवचुलि नगरपालिकाको नक्सापास सफ्टवेवर खरिद गर्ने | 1000 | ० | ०.०० |
| १९ | वडा न १६ प्रगतिटोल गोविन्द प्रसाईको मिलबाट देवचुलि प्रा वि जाने वाटो | 500 | ० | ०.०० |
| २० | डिप बोरिङ्ग कार्यक्रमको लागी मर्मत सम्भार | 500 | ० | ०.०० |
| २१ | वडा न १३ गणेश मन्दिर पन्चाङ्ग मन्दिर निर्माण | 500 | ० | ०.०० |
| २२ | तुलसी भण्डारीको घर देखी जनजागृति चोक सम्मको तराई मधेश समृद्धि कार्यक्रमको अधुरो बाटो कालोपत्रे१ | 1500 | ० | ०.०० |
| २३ | मखमली मार्ग अधुरो कालोपत्रे | 550 | ० | ०.०० |
| २४ | एम्वुलेन्स खरिद | 400 | ० | ०.०० |
| २५ | एम्वुलेन्स | 300 | ० | ०.०० |
| २६ | मुक्तिक्षेत्र सडक स्तरन्नोती | 500 | ० | ०.०० |
| २७ | नागपोखरि वालउधान तथा नागस्थान निर्माण | 300 | ० | ०.०० |
| २८ | सिर्जनाटोल अधुरो यु टर्न बाटो कालोपत्रे | 200 | ० | ०.०० |

| सि.नं. | खाताको नाम | | | |
|---|---|---|---|---|
| २९ | कुजाैली जखडी भवन निर्माण | 200 | ० | ०.०० |
| ३० | एम्बुलेन्स खरीद | 1000 | ० | ०.०० |
| ३१ | कृषि सञ्चाल मार्फत धान तथा घाँस काट्ने मेसिन खरीद अनुदानमा | 200 | ० | ०.०० |
| ३२ | सिँचाइ पाइप लाइन बिस्तार | 500 | ० | ०.०० |

६ **वित्तीय विवरण परीक्षणः**

६.१ **जिम्मेवारी फरक परेको –** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २१५०५४५११।-मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १५५७११२८४।- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५९३०३२२७ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

६.२ **बैक हिसाब मिलान नगरेको –** स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| 1 | 772050029165004 | 0 | 39976847 | 39976847 |
| 2 | 772050029165005 | 0 | 63842923 | 63842923 |
| 3 | 772050029172003 | 5992934 | 7358785 | 1365851 |
| 4 | 772050029165007 | 11816749 | 11816749 | 0 |
| 5 | 772050029165006 | 196853548 | 93112271 | 103741277 |
| 6 | 772050029175002 | 9349282 | 9252583 | 96699 |
| जम्मा | | 224012513 | 225360158 | 1347645 |

६.३ **आन्तरिक लेखापरीक्षण -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए

| | | | | |
|---|---|---|---|---|
| | | | बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६.४ | | | **खर्च विश्लेषण-** पालिकाले यो बर्ष कुल आन्तरिक आयबाट रु• ३६९७५९९०।- , राजश्व बाँडफाँड र अनुदानबाट रु• ६९८४३४७४४।- , सामाजिक सुरक्षा र कोष (अन्य आय) रु•१८३१३९२४०।- तथा गत वर्षको जिम्मेवारी रु. १५५७११२८४।- समेत गरि रु.१०७४२६१२५८।- जम्मा आम्दानी भएकोमा चालु तर्फ रु. ४३३११९००३।– , पूँजीगत तर्फ रु. १७८३०८१२६।- र सामाजिक सुरक्षा र कोष (बित्तीय ब्यबस्था ) तर्फ रु.२३८८२१६१४।- समेत रु. ८५०२४८७४३।- जम्मा खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.३५ प्रतिशत रहेकोछ।यो बर्ष पदाधिकारी सुबिधामा रु.२०१२७०००।- खर्च भएको छ, जुन आन्तरिक आयको ५४.४३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५०•९४ प्रतिशत चालु , २०•९७ प्रतिशतमात्र पूँजीगत निर्माणमा तथा सामाजिक सुरक्षा र कोष (वित्तीय व्यवस्था खर्च) २८•०९ प्रतिशत खर्च भएको देखिन्छ । यसबाट पालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ। | |
| ७ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ७.१ | | | **कानून र सञ्चालन स्थिति –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ४ वटा नियमावली, १८ वटा कार्यविधि, ३ वटा निर्देशिका, १ वटा आचारहिता १ राजपत्र तथा अन्य लगायत ४७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले सबै कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७.२ | | | **न्यायीक समिति–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २७ र यो बर्ष थप भएको ५६ गरी कुल ८३ विवाद दर्ता भएकोमा ५१ वटा मात्र फछ्र्यौट भई ३१ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ८ | | | **संगठन तथा कर्मचारी व्यवस्थापनः** | |
| ८.१ | | | **कर्मचारी करार –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न स्वीकृत दरबन्दी मध्ये नै विभिन्न पदमा २४ जना कर्मचारीहरु करारमा राखि रु. ४८२५५२०।- खर्च लेखेको छ । | |

<table>
<tr><td>८.२</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.1 को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ। स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोले अनियमित देखिएको रु.</td><td>३२१,२७३</td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>वडा सचिवको पदपूर्ति - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ।
<table>
<tr><td>वडा संख्या</td><td>वड सचिवको दरबन्दी</td><td>वडा सचिवको पदपूर्ति</td><td>रिक्त वडा सचिव</td></tr>
<tr><td>१७</td><td>१७</td><td>१५</td><td>२</td></tr>
</table></td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>सेवा प्रवाह मल्याङ्कनः<br>सेवाप्रवाह- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिकाले तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकालेवाट प्राप्त विवरण अनुसार सेवा प्रवाह गरेको पाइयो। साथै देखाइएकोमा अन्य कुन–कुनमा हो भनी यकिन हुन सकिएन।
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>घटना दर्ता</td><td>२७१५</td></tr>
<tr><td>घरबाटो सिफारिष</td><td>२४२२</td></tr>
<tr><td>नागरिकता सिफारिष</td><td>२६६२</td></tr>
<tr><td>नाता प्रमाणित</td><td>१३०३</td></tr>
<tr><td>अन्य</td><td>१०३३०</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>आर्थिक सहायता र अन्य विविध खर्चः</td><td></td></tr>
<tr><td>१०.१</td><td></td><td></td><td>विविध खर्च– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। कूल आन्तरिक आय रु. ३ करोड ६९ लाख ७६ हजार रहेकोमा पालिकाले खाना, विविध तर्फ रु. ९ लाख ९६ हजार खर्च गरेकोमा आन्तरिक आयको २.६९ प्रतिशत हिस्सा देखिन्छ।</td><td></td></tr>
<tr><td>१०.२</td><td></td><td></td><td>आर्थिक सहायता– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। तर पालिकाले कूल आन्तरिक आय रु. ३ करोड ६९ लाख ७६ हजार</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आम्दानी भएकोमा आर्थिक सहायताामा ७ लाख ९७ हजार आर्थिक सहायता वितरण गरेको देखियो । जुन आर्थिक सहायताको अंश २.१६ प्रतिशत छ । यसरी आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ११ | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| ११.१ | | | **सम्पत्ति हस्तान्तरण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ११.२ | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ । अभिलेख राख्नुपर्नेमा राखेको पाइएन । | |
| ११.३ | | | **सवारीसाधन खरिद–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.८०७६९९।- बजेटबाट खर्च गरेको छ ।<br><br>सि.नं \| सवारी साधन \| संख्या \| रकम<br>१ \| मोटरसाइकल \| 2 \| 579799<br>२ \| स्कुटर \| 1 \| 227900<br> \| जम्मा \| 3 \| 807699 | |
| १२ | | | **राजश्व आयः**<br>**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | आ.व. : २०७८/७९ प्रकार : आन्तरिक राजस्व खाता महिना : असार ( रु. हजारमा) | |

| सि.नं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी | बाँकि |
|---|---|---|---|---|---|
| १ | ११३१३ | एकीकृत सम्पती कर | ७२०००००. | ९३५०१५६.७८ | १२९.८६ |
| २ | ११३१५ | घरजग्गा रजिष्टेशन दस्तुर | २६००००००. | ०. | ०. |
| ३ | ११३२१ | घरवहाल कर | ३००००००. | ५५९१२११. | १८६.३७ |
| ४ | ११३२२ | वहाल विटौरी कर | १५०००००. | ४७६३७०. | ३१.७६ |
| ५ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ३०००००. | ११९५४४१. | ३९८.४८ |
| ६ | १४२४१ | पार्किङ्ग शुल्क | २०००००. | १६५०००. | ८२.५ |
| ७ | १४२४२ | नक्सापास दस्तुर | २५०००००. | ३१७११२८.३१ | १२६.८५ |
| ८ | १४२४३ | सिफारिश दस्तुर | ५००००००. | ८९६३८१७.४ | १७९.२८ |
| ९ | १४२४५ | नाता प्रमाणित दस्तुर | ३०००००. | ५४५६२५. | १८१.८८ |
| १० | १४२४९ | अन्य दस्तुर | २००००००. | १९९५१७८.९८ | ९९.७६ |
| ११ | १४५२९ | अन्य राजस्व | १०००००. | ८०१२०७.५३ | ८०१.२१ |
| १२ | १४६११ | व्यवसाय कर | ३००००००. | ४७२०८५४. | १५७.३६ |
| जम्मा | | | ५११०००००. | ३६९७५९९०. | ७२.३६ |

१३

**शिक्षाः**

**शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २८ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

देवचुली नगरपालिकाका विद्यालयगत शिक्षकहरुको विवरण -२०७९

| क्र. सं. | विद्यालयको नाम | शिक्षक दरवदी | पदपूर्ति | पदपूर्ति मध्ये करार/राहात | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | नेपाल मा.वि. देवचुली -१ | ३१ | ३१ | १४ | १६१९ |
| २ | सकलादेवी मा.वि. देवचुली -५ | १२ | १२ | ६ | ५४४ |
| ३ | भीमसेन आदर्श मा.वि. देवचुली - ७ | ३३ | ३३ | १० | १९२० |
| ४ | कालिका मा.वि. देवचुली -९ | १३ | १३ | ८ | ४९८ |
| ५ | पृथ्वी मा.वि. देवचुली -१० | २० | २० | १५ | ४५८ |
| ६ | जनज्योति नमुना मा.वि. देवचुली-१४ | २० | २० | ९ | ५३५ |
| ७ | जनज्योति मा.वि. देवचुली -१५ | २५ | २५ | ४ | १०८८ |
| ८ | पशुपति सा.आ.स.मा.वि. देवचुली -१५ | ७ | ७ | १ | ५७ |
| ९ | देवचुली मा.वि. देवचुली -१६ | २९ | २८ | ११ | १२४८ |
| १० | वरचुली मा.वि. देवचुली -१७ | २४ | २४ | १४ | १२२९ |
| ११ | शान्ती सिर्जना आ.वि. देवचुली -४ | ८ | ८ | २ | ३४६ |
| १२ | नेपाल धर्ती आ.वि. देवचुली - ५ | ३ | ३ | ० | ४० |
| १३ | सरस्वती आ.वि. कुम्सोत देवचुली -६ | २ | २ | १ | ३४ |
| १४ | बालकिरण आ.वि. देवचुली -६ | ४ | ४ | २ | ११६ |
| १५ | नेपाल रा.शारदा आ.वि. देवचुली -६ | ५ | ५ | २ | २१६ |
| १६ | मिलिजुली आ.वि. देवचुली -८ | २ | २ | ० | ७७ |
| १७ | मनकामना आ.वि. देवचुली -९ | ८ | ८ | ५ | ४३६ |
| १८ | नव नेपाल आ.वि. देवचुली -१० | ३ | ३ | १ | १९३ |
| १९ | सूर्यकिरण आ.वि. देवचुली -११ | ३ | ३ | ० | १४३ |
| २० | दिव्यज्योति आ.वि. देवचुली -१२ | ८ | ८ | ३ | २७३ |
| २१ | कुमारवर्ती आ.वि. देवचुली -१३ | ५ | ५ | ३ | २५३ |
| २२ | वाल्मिकी आ.वि. देवचुली -१४ | ३ | ३ | १ | ११६ |
| २३ | नारायणी आ.वि. देवचुली - १५ | ३ | ३ | १ | ९० |
| २४ | देवचुली आ.वि. देवचुली -१६ | ४ | ४ | १ | ९४ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५ | प्रभात जनता आ.वि. देवचुली - १६ | ६ | ६ | ३ | ११६ |
| २६ | सरस्वती आ.वि.कुलेनी देवचुली -१७ | २ | २ | २ | ७१ |
| २७ | सरस्वती आ.वि. बेलस्वारा देवचुली -१६ | २ | २ | २ | ५४ |
| २८ | जीवनज्योति आ.वि. देवचुली -१७ | ३ | ३ | १ | १२७ |
| जम्मा | | २८८ | २८७ | १२२ | ११९९१ |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **अन्यः** | |
| १४.१ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम–** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा गोरेटोबाटो, सिडि तथा बाटो सोलिङ निर्माण जस्ता लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २५६ जनालाई रोजगारी उपलब्ध गराई रु. ३०१५८६४।- खर्च गरेको छ । लक्षित वर्गलाई ३० दिनदेखि ६० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| १४.२ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट १.५ र ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु ४३३५४२५।- कट्टी गरी रु. ४१३४२३४।- खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| १४.३ | | | **कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
